बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, सिन्धुली

सिन्धुलीमाढी, सिन्धुली, नेपाल

पत्र संख्या :- ०८२/०८३

चलानी नं. :- २९४१

मिति :...........................

२०८३/०१/०३

विषयः सूचनाको हक सम्बन्धी सार्वजनिक गरिएको विवरण सम्वन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय सिन्धुली,
सिन्धुलीमाढी, सिन्धुली ।

प्रस्तुत विषयमा सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम यस कार्यालयबाट सार्वजनिक गरिएको आ.व.०८२/०८३ तेस्रो त्रैमासिकको विवरण पाना १५ (पन्ध्र) यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

२०८३/०१/०३

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

बोधार्थ

श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं ।

श्री जिल्ला हुलाक कार्यालय सिन्धुली

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# २०८२ माघ ०१ गते देखि २०८२ चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण




बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय सिन्धुली

सिन्धुलीमाढी, सिन्धुली

# विषय सूची


१. कार्यालयको प्रकृति र स्वरुप ........ 1
२. कार्यालयको काम, कर्तव्य र अधिकार ........ 3
३. कर्मचारी विवरण ........ 7
४. कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ 9
५. सेवा प्रदान गर्ने फाँट र जिम्मेवार कर्मचारीहरू ........ 10
६. निवेदन, उजुरी उपर निर्णय गर्ने अधिकारी ........ 11
७. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ 11
८. सम्पादन गरेको कामको विवरण ........ 11
९. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम/पद ........ 14
१०. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची (मुख्य-मुख्य) ........ 14
११. तोकिए बमोजिमका अन्य विवरण ........ 15
१२. सार्वजनिक निकायको वेवसाइट ........ 15
१३. वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण ........ 15
१४. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन ........ 15
१५. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली ........ 15
१६. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको ........ 15
१७ सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण ........ 15


CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, सिन्धुली

१. कार्यालयको प्रकृति र स्वरुप

परिचयः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश अन्तर्गत पर्ने सिन्धुली जिल्ला प्राकृतिक स्रोतले सम्पन्न जिल्ला मानिन्छ । यस जिल्लाको सदरमुकाम कमलामाई नगरपालिका काठमाडौंबाट दक्षिण दिशामा १२० कि.मि.को दुरीमा अवस्थित रहेको छ । यस जिल्लाले नेपालको १.६६% भू-भाग ओगटेको छ । यस जिल्लाको सिमाना पूर्वमा उदयपुर, पश्चिममा मकवानपुर र रौतहट, उत्तरमा रामेछाप र ओखलढुंगा तथा दक्षिणमा सर्लाही, महोत्तरी, धनुषा र सिराहा जिल्ला गरी जम्मा दश वटा जिल्लाले घेरिएको छ ।दक्षिण तराई देखि उत्तर महाभारत श्रृङखलासम्म फैलिएको यो जिल्ला समुन्द्र सतहवाट १६८ मिटर देखि २७९७ मिटरसम्म अवस्थित रहेको यो जिल्ला राणाकालमा पूर्व दुई नम्वरवाट प्रख्यात रहेको थियो ।

विगतमा जिल्ला वन कार्यालय सिन्धुलीको नामबाट कार्यालय स्थापना भई यस जिल्लाको वनको संरक्षण, सम्बर्धन एवं व्यवस्थापन कार्य सञ्चालन हुँदै आएकोमा समय सापेक्ष वन संगठनमा हुने परिवर्तनले फिल्ड स्तरमा रहने कार्यलयहरुको संरचनामा समेत फेरवदल भई नेपाल सरकार सामान्य प्रशासन मन्त्रालय (सचिव स्तर) को मिति २०७०/४/२८ को निर्णय अनुसार यस जिल्लामा २ वटा सेक्टर र १२ वटा ईलाका वन कार्यालयहरु रहेकोमा देशको राजनैतिक प्रणालीको पूर्नसंरचना भई संघिय संरचना अनुरुप नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५/३/३२ को निर्णय अनुसारको स्वीकृत संगठन संरचना बमोजिम यस जिल्लामा डिभिजन वन कार्यालय, सिन्धुली र डिभिजन वन कार्यालय मरिण गरी २ वटा डिभिजन वन कार्यालय र सो अन्तर्गत ८/८ वटा सव डिभिजन गरी १६ वटा सव डिभिजन वन कार्यालय रहने गरी संगठनको पुर्नसंरचना गरिएको छ । सिन्धुली जिल्ला अन्तर्गत जम्मा ९ वटा स्थानीय तहहरु पर्दछन । ती स्थानीय तहहरु मध्ये डिभिजन वन कार्यालय सिन्धुली, सिन्धुलीमाढी, सिन्धुली अन्तर्गत दुधौली नगरपालिका, गोलन्जोर गाउँपालिका, फिक्कल गाउँपालिका, तीनपाटन गाउँपालिका र कमलामाई नगरपालिकाको वडा नं.२ देखि वडा नं.१४ गरी ५ वटा स्थानिय तहहरु पर्दछन । DFRS Nepal 2018 अनुसार जिल्लाको जम्मा क्षेत्रफल २,४७,५५७ हेक्टर मध्ये १,६५,००७ हेक्टर वन क्षेत्रले ओगटेको छ।

CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

यस डिभिजन वन कार्यालय अन्तरगत रहेको ८७३२५ हे. वन क्षेत्र मध्ये निम्न ८ वटा सव डिभिजन वन कार्यालयहरुमा निम्न वमोजिम उपभोक्ता समुह मार्फत वन व्यवस्थापन हुँदै आएको छ ।

हस्तान्तरण भएका वन क्षेत्रको विवरणः

सव डिभिजन वमोजिम रहेको सामुदायिक वनको विवरण

| सि.नं. | सव डिभिजन | सा.व. संख्या | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १ | गोलन्जोर | ३९ | ५,५५८.३८ | |
| २ | फिक्कल | २८ | ३,७२७.२३ | |
| ३ | तीनपाटन | ६० | १०,८९२.५२ | |
| ४ | दुधौली | ५१ | ११,७९२.४४ | |
| ५ | हर्षाही | २६ | ६,७७७.८८ | |
| ६ | रानीवास | १९ | ४,३५१.३१ | |
| ७ | भिमान | ४७ | ११,७९७.०१ | |
| ८ | सिद्धेश्वर | ४७ | ९,२८१.७५ | |
| | जम्मा | ३१७ | ६४,२६८.०६ | |

सव डिभिजन वमोजिम रहेको कवुलियती वनको विवरण

| सि.नं. | सव डिभिजन | संख्या | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १ | गोलन्जोर | ३० | २२२.१६ | |
| २ | फिक्कल | २१ | १२७.७७ | |
| ३ | तीनपाटन | ८४ | ५८३.१२ | |
| ४ | दुधौली | १० | १९.६७ | |
| ५ | हर्षाही | २० | ९७.२७ | |
| ६ | रानीवास | ८ | १४.१२ | |
| ७ | भिमान | २१ | ६५.३१ | |
| ८ | सिद्धेश्वर | २४ | २२२.१७ | |
| | जम्मा | २१८ | १३५१.५९ | |

यस जिल्लामा ९ वटा निजिवन दर्ता भएको छ जसको क्षेत्रफल ९.६२ हेक्टर रहेको छ ।

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

स्थानीय तह अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको क्षेत्रगत विवरण

| स्थानीय तहको नाम | कुल क्षेत्रफल (हे.) | वन क्षेत्र ( हे.) | वन क्षेत्र (प्रतिशत) |
|---|---|---|---|
| गोलन्जोर गा.पा. | १८३३१ | १३२८७ | ७३.४८ |
| फिक्कल गा.पा. | १८५२० | १२३५३ | ६६.७० |
| तिनपाटन गा.पा. | २७९०० | १६७७५ | ६०.१३ |
| दुधौली नगरपालिका | ३८८५७ | २३०१५ | ५९.२३ |
| कमलामाई नगरपालिका | ४८०५४ | ३४२४४ | ७१.२६ |
| | १,५१,६६२ | ९९,६७४ | ६५.७२ |

लक्ष्यः

वन र जैविक विविधताको दिगो उपयोगद्वारा वन पैदावारको व्यवसायिकारण तथा एकीकृत व्यवस्थापन मार्फत चुरे लगायतका जलाधारहरुको स्वस्थता कायम गरी परिस्थितिकीय सेवा प्रबाहलाई अक्षुण्ण राखे ।

उद्देश्यः

- वन क्षेत्र एवं जैविक विविधताको संरक्षण गर्ने ।
- दिगो वन व्यवस्थापन पद्धति अवलम्वन गरी वन व्यवस्थापन गर्ने ।
- वनजन्य उत्पादन, सेवाको सदुपयोग र व्यवसायीकरणबाट वन पैदावारको सुलभ आपूर्ति, थप रोजगारी सिर्जना र जीविकोपार्जन स्धार गर्ने ।
- पारिस्थितिकीय दृष्टिकोणबाट संवेदनशिल क्षेत्रहरुको जलाधार), चुरे, जैविक विविधता, संरक्षित वन, विशेष प्रजाति तथा इकोसिष्टम संरक्षण समेतदिगो व्यवस्थापन गर्ने ।
- उच्च मूल्यका वनस्पति र जडीबुटीहरुको पहिचान, दिगो सङ्कलन, प्रविधि विकासको साथै व्यावसायिकरण र बजारीकरण गर्न समुदाय तथा निजीक्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने ।
- जलवायु परिवर्तन जीखिम न्यूनिकरणको लागि उपयुक्त निष्प्रभाविकरण तथा अनुकूलन कार्यक्रम सञ्चालन गर्ने।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

यस डिभिजन वन कार्यालयमा रहने शाखाहरु र तिनिहरुको कार्य विवरण देहाय बमोजिम रहेको छः

**योजना तथा अनुगमन शाखा**

- स्थानीय स्तरबाट माग भई आउने वनसम्बन्धी योजनालाई वन कार्यालयको वार्षिक योजनामा समावेश गरी वार्षिक कार्यक्रम तर्जुमा गरी सम्वन्धित निकायमा पेश गर्ने,

- स्वीकृत वार्षिक कार्यक्रमको डिभिजनल वन अधिकृतसँग समन्वय एवं परामर्श गरी समयमा नै कार्य आदेश बनाई पेश गर्ने गराउने,
- आदेश बमोजिमको समय मै प्रगति हासिल गर्नको लागि क्षेत्र छनौट लागत अनुमान तयारी साथै कामको फलोअप, समन्वय तथा छलफल गरी आवश्यक भए समय मै कार्य सम्पन्न गर्नलाई ताकेता समेत गर्ने,
- भए गरेको कामको प्रगति समयमा नै समन्वय तथा छलफल गरी सम्वन्धित निकायमा पठाउने व्यवस्था मिलाउने,
- समुदायद्वारा व्यवस्थित वनहरुको अनुगमनको व्यवस्था मिलाउने सुधार गर्नुपर्ने विषयको तुरुन्त जानकारी गराइ नीति नियम अनुसार सुधार गर्ने व्यवस्था मिलाउने तथा मिलाउन लगाउने,
- विभिन्न आयोजना अन्तरगत संचालित वन विकास कार्यहरुको नियमित अनुगमनको शिलशिलामा प्राविधिक सहयोग थप आवश्यक भएमा डिभिजनल वन अधिकृतलाई परामर्श तथा राय पेश गर्ने,
- सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, चक्ला वन तथा संरक्षित वनको निर्दिष्ट कार्ययोजना बमोजिम कार्य भएको छ छैन नियमित रुपमा अनुगमन गरी डिभिजनल वन अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने,
- सब डिभिजन वन कार्यालयहरुको वन विकास कार्यहरुको मासिक, त्रैमासिक, अर्ध वार्षिक तथा वार्षिक प्रगत विवरणहरु संकलन गरी डिभिजन वन अधिकृत समक्ष पेश गर्ने,
- डिभिजन वन कार्यालयमा सम्झौता गरी संचालन हुने योजनाहरु गैर सरकारी सेवा प्रदायकहरुसँग सम्झौता गरी संचालन हुने कामको गुणस्तर जाँच्ने तथा अनुगमन गरी डिभिजन वन अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने,
- समुदायद्वारा व्यवस्थित वनहरुको वनसम्बन्धी तथ्याङ्क संकलन र अध्यावधिक गर्ने,
- डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रको वार्षिक/आवधिक रणनीति वन व्यवस्थापन कार्य योजना तयार गर्नको लागि डिभिजनल वन अधिकृतलाई प्राविधिक सहयोग गर्ने,
- आवधिक वन व्यवस्थापन कार्य योजना तथा क्षेत्रगत तथा रणनीतिगत योजनामा समावेश गर्नुपर्ने विवरणहरु तयारगर्ने,
- डिभिजन वन कार्यालयलाई वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने,
- शाखाको प्रकृतिसँग मिल्ने गरी तोकिएका र तोकिने अन्य कार्यहरु गर्ने ।

**वन व्यवस्थापन शाखा**

- सरकारद्वारा व्यवस्थित वन, संरक्षण वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन लगायतका वनको कार्य योजना तयारी, स्वीकृति र कार्यन्वयन सम्बन्धी कार्य ,
- वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउनु पर्ने र जग्गा उपलब्ध गराउने क्रममा भएको सम्झौताको कार्यान्वयन गर्ने गराउने,
- सम्झौता बमोजिम गर्नुपर्ने कार्यहरुको नियमित अनुगमन गरी डिभिजनल वन अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने,

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, स्याङ्जा

- प्रचलित कानुन बमोजिम वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि दिएको जग्गाको तथ्याङ्क अध्यावधिक गर्ने गराउने,
- नियमित मुल्याकंनबाट प्राप्त सुझावलाई लागु गर्ने व्यवस्था मिलाउन लगाउने,
- वन पैदावार संकलन एवं बिक्री वितरणको लागि प्रचलित ऐन नियम, विभागीय नीति निर्देशिका वमोजिम नियमित देखिएमा राय साथ पेश गर्ने तथा निर्णय बमोजिम गर्ने गराउने,
- नीजि तथा कृषि वन विस्तारको लागि नर्सरी संचालन, वन विकास र सम्वर्द्धन सम्बन्धित कार्य गर्ने गराउने,
- वन क्षेत्रको GIS सम्बन्धी कार्यहरु गर्ने र सब डिभिजन वन कार्यालयहरुलाई सहजीकरण गर्ने गराउने,
- वन कार्यालय, समुदाय, समूह एवं सरोकारवालाहरुलाई तालिम गैरकाष्ठहरुमा संलग्न गरी गराई मानवीय क्षमताको विकासमा सहयोग गर्ने,
- पर्यापर्यटन विकास प्रबर्द्धन र पूर्वाधारसम्बन्धी कार्य संचालन कार्य प्रचलित ऐन नियम बमोजिम गर्ने गराउने,
- स्थानीय तह एवं अन्य सरोकारवाला निकायहरुसँग वन व्यवस्थापन र पर्यापर्यटनसम्बन्धी कार्यहरुको समन्वय र संचालन गर्ने गराउने,
- डिभिजन वन कार्यालयलाई वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने,
- डिभिजन वन कार्यालय तथा योजना शाखालाई वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने,
- शाखाको प्रकृतिसँग मिल्ने गरी तोकिएका र तोकिने अन्य कार्यहरु गर्ने ।

## वन तथा जैविक विविधता संरक्षण शाखा

- वर्तमान नीतिनियम बमोजिम नदीजन्य पदार्थको संकलन तथा व्यवस्थापन कार्यको स्थानीय तह तथा जिल्ला अनुगमन समितिसंग समन्वय गरी आवश्यक कार्य सम्पादन गर्ने गराउने,
- वातावरण संरक्षण ऐन तथा नियमवाली बमोजिम गर्नुपर्ने कार्यहरु गर्ने गराउने,
- वन संरक्षणको लागि वन सुरक्षा कार्य योजना, अग्नि संरक्षण कार्य योजना, समन्वय कार्य योजना चरिचरन नियन्त्रण कार्य योजना तयार गर्ने,
- वन संरक्षण तथा वन र वन्यजन्तु अपराध नियन्त्रणको लागि, मुद्दा सम्वन्धी कार्यहरु गर्ने गराउने,
- वन्यजन्तु संरक्षण तथा उद्दार राहत तथा क्षत्तिपुर्ति सम्वन्धी कार्यहरु गर्ने गराउने,
- वन्यजन्तु, वन, जैविक विविधता र वातावरण संरक्षणसम्वन्धी सामाग्री उत्पादन गरी प्रचार प्रसार गर्ने गराउने,
- जिल्ला वन पैदावार आपूर्ति समिति सदस्य सचिव वा तोकिए बमोजिम प्रतिनिधित्व गर्ने,
- डिभिजन वन कार्यालयलाई वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने,
- शाखाको प्रकृतिसँग मिल्ने गरी तोकिएका र तोकिने अन्य कार्यहरु गर्ने



CamScanner

वन उद्यम तथा सदुपयोग शाखा

- वन व्यवस्थापन समूहका दैनिक प्रशासनसँग सम्बन्धित वित्तीय कारोवार, प्रस्तावना लेखन तथा प्रेषणका लागि आवश्यक पत्राचार गर्ने गराउने,
- वन पैदावारमा आधारित उद्योग दर्ता, नविकरण तथा वन पैदावारको सदुपयोगसम्बन्धी कार्य,
- वन पैदावार सदुपयोग लागि स:मिल फर्निचर उद्योगसँग सम्बन्धी कार्यहरु गर्ने गराउने,
- दैनिक आइपर्ने सम्बन्धित निर्णय गर्नुपर्ने बाहेकको कार्यको लेखापढी र पत्राचार गर्ने,
- निजी वन, शहरी वन, सार्वजनिक जग्गाको संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय तथा निजी वनको वन पैदावार सदुपयोग सम्बन्धी कार्य,
- गैरकाष्ठ वन पैदावार खेती तथा विस्तार एवं उद्योगसँग सम्बन्धित कार्यको लागि शर्त बमोजिम कार्य गर्ने गराउने। सोसम्बन्धी आवश्यक पत्राचार गर्ने गराउने,
- डिभिजन वन कार्यालयलाई वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने,
- शाखाको प्रकृतिसँग मिल्ने गरी तोकिएका र तोकिने अन्य कार्यहरु गर्ने ।

कर्मचारी प्रशासन शाखा

- डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालय एवं सशस्त्र वन सुरक्षा शाखामा कार्यरत कर्मचारीहरुको बिदा, हाजिरी तथा ब्यक्तिगत अभिलेख राखे,
- कार्यालयको सम्पतिको स्याहार, सम्भार तथा मर्मत गर्ने व्यवस्था मिलाउन डिभिजनल वन अधिकृतलाई सहयोग गर्ने,
- कार्यालयबाट हुने नियमित बैठको तयारी तथा निर्णयहरु सम्प्रेषण गर्ने,
- कार्यालयको दैनिक प्रशासनिक कार्यहरु गर्ने,
- डिभिजन वन कार्यालय, अन्तर्गत सब डिभिजन वन कार्यालयहरुको समय समयमा अनुगनम निरीक्षण गरी प्रतिवेदन पेश गर्ने,
- प्रशासन शाखासम्बन्धी सम्पूर्ण काम कार्वाहीको बारेमा डिभिजनल वन अधिकृतलाई नियमित रुपमा जानकारी गराउने,
- कार्यालयको भौतिक साधनहरुको स्याहार सम्भार मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने,
- यस शाखालाई निजामती सेवा ऐन तथा नियमावलीले निर्दिष्ट गरीएका अन्य कार्यहरु गर्ने,
- डिभिजन वन कार्यालयलाई वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने,
- कार्यालयमा विभिन्न काम लिएर आउने सेवाग्राहीहरुको काममा सहजीकरण गर्ने,
- कार्यालयबाट सम्पादन हुने कामहरुको बारेमा सेवाग्राहीहरुलाई जानकारी गराउने,
- शाखाको प्रकृतिसँग मिल्ने गरी तोकिएका र तोकिने अन्य कार्यहरु गर्ने ।

आर्थिक प्रशासन शाखा

- स्वीकृत बजेट र अख्तियारी बमोजिम बजेट निकासा, खर्च लेख्रे र सो अनुसार तयार गर्नुपर्ने कागजातहरु तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने,
- आर्थिक ऐन, नियम बमोजिम तोकिएका कार्यहरु गर्ने गराउने,
- लेखापरीक्षण तथा बेरुजु फछ्यौट समयमा नै गर्ने गराउने,



CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

- कार्यालयको योजना निर्माण तथा प्रगति तयारी अन्य शाखाहरुलाई समन्वय र सहयोग गर्ने,
- डिभिजन वन कार्यालयलाई वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने,
- शाखावाट सम्पादन हुने कामहरुको बारेमा सेवाग्राहीहरुलाई जानकारी गराउने,
- शाखाको प्रकृतिसँग मिल्ने गरी तोकिएका र तोकिने अन्य कार्यहरु गर्ने ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, सिन्धुली

## ३. कर्मचारी विवरण

बागमती प्रदेश सरकार अन्तर्गतका कर्मचारी विवरण

स्वीकृत दरवन्दी: ७१ पदपुर्ती: ७०

| क्र.सं. | कर्मचारीको नाम थर | पद | कार्यरत कार्यालय | मो.नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामकुमार भण्डारी | डि.व.अ. | डि. व. का. सिन्धुली | ९८५४०४११३५ | |
| २ | द्रोण विक्रम कार्की | व.अ. आठौ | " " " | ९८४४०३४३३७ | |
| ३ | गौरव भट्ट | व.अ. आठौ | " " " | ९८५७८३३९७७ | |
| ४ | बन्दना बस्नेत | व.अ. आठौ | " " " | ९८४११८७८१५ | |
| ५ | प्रतिज्ञा पौडेल | व.अ. सातौ | " " " | ९८४३८७३३८७ | |
| ६ | राकेश मण्डल | अ. सातौ | " " " | ९८६६३६२८७८ | |
| ७ | विक्रम ठकुरी | लेखा अधिकृत | " " " | ९८५४०४२२५१ | |
| ८ | सविना अधिकारी | स.पाचौ | " " " | ९८४५२२८८८६ | |
| ९ | दिनेश कुमार पोखरेल | रेञ्जर | " " " | ९८४४०८१८७३ | |
| १० | सिमा लामिछाने | रेञ्जर | " " " | ९८४४१५६८५६ | |
| ११ | सुरेश कुमार श्रेष्ठ | रेञ्जर | " " " | ९८४४४४२६९९ | |
| १२ | विपना खत्री | रेञ्जर | " " " | ९८४४७९७२२२ | |
| १३ | अमृता के सी | रेञ्जर | " " " | ९८४६०४८८२२ | |
| १४ | छिरिङ शेर्पा | ह.स.चा. | " " " | ९८४४०७५४३४ | |
| १५ | शम्भु विक्रम खत्री | ह.स.चा. | " " " | ९८०४८८४९९३ | |
| १६ | हरि बहादुर देवकोटा | वन रक्षक | " " " | ९८४४०९४६३५ | |
| १७ | विश्व बन्धु श्रेष्ठ | का.स.(कारार) | " " " | ९८४४३२७११३ | |
| १८ | जंग बहादुर रमौली | का.स.(करार) | " " " | ९८१६८२८४३७ | |
| १९ | जानुका कुमारी थापा | का.स.(करार) | " " " | ९८२६८९९१२२ | |
| २० | बृजेश कार्की | ह.स.चा.(करार) | " " " | ९८६४४१७४८७ | |
| २१ | भुवन श्रेष्ठ | चौकीदार(करार) | " " " | ९८४४५१७५९८ | |
| २२ | हिरामाया तमाङ | का.स.(करार) | " " " | ९८१०६०१४०२ | |
| २३ | माधव पाण्डेय | व.अ.सातौ | सव डि.व.का. सिद्धेश्वर | ९८४७४३८३०५ | |
| २४ | राजकुमार मतरा | रेञ्जर | " " " | ९८४४०४५०२२ | |
| २५ | अमन भण्डारी | रेञ्जर | " " " | ९८६७३६६०१४ | |
| २६ | सन्ध्या ढकाल | रेञ्जर | " " " | ९८४८०२३५०५ | |
| २७ | शान्ता कुमारी चौलागाई | व.र. | " " " | ९८४४४३९४३९ | |
| २८ | अन्जना अधिकारी | व.र. | " " " | ९८६८९०३२०३ | |
| २९ | कृष्ण व.श्रेष्ठ | व.र. | " " " | ९८४४२१७२५८ | |



CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

| क्र.सं. | कर्मचारीको नाम थर | पद | कार्यरत कार्यालय | मो. नं. | कैफियत |
|---|---|---|---|---|---|
| ३० | नितेश कुमार दास | व.अ.सातौं | सब डि.व.का. भिमान | ९८४०४००२४९ | |
| ३१ | सुयोग भट्टराई | रेञ्जर | „ „ „ | ९८४५८३३५११ | |
| ३२ | जागृति गिरी | रेञ्जर | „ „ „ | ९८६६३१७७४२ | |
| ३३ | मिलन कुमारी महतो | रेञ्जर | „ „ „ | ९८०७६६१०६१ | |
| ३४ | कुमार खडका | फरेष्टर पाचौं | „ „ „ | ९८४४०८१९८७ | |
| ३५ | रुद्रनारायण श्रेष्ठ | व.र. | „ „ „ | ९८१२०२०५६४ | |
| ३६ | भिम ब.माझी | व.र. | „ „ „ | ९८४४५५७४५९ | |
| ३७ | राजकुमार रुम्बा | व.अ.सातौं | सब डि.व.का. तिनपाटन | ९८५८७५१३१५ | |
| ३८ | ईश्वर रावल | रेञ्जर | „ „ „ | ९८६८२९७३९७ | |
| ३९ | विपिन अर्याल | रेञ्जर | „ „ „ | | |
| ४० | भिम ब.थापा | फरेष्टर पाँचौं | „ „ „ | ९८४४०६६३४३ | |
| ४१ | प्रकाश कुमार कार्की | व.र. | „ „ „ | ९८४४४४२१४८ | |
| ४२ | वल बहादुर जोगी | व.र. | „ „ „ | | |
| ४३ | मनिलाल काल्दन | व.अ.सातौं | सब डि.व.का. हर्पाही | ९८४४५४३३७२ | |
| ४४ | सन्जु गुरुङ | रेञ्जर | „ „ „ | ९८२१५७५८५३ | |
| ४५ | दिनेश भुसाल | रेञ्जर | „ „ „ | ९८६६५६५२५५ | |
| ४६ | प्रकाश पाण्डे | रेञ्जर | „ „ „ | ९८४२६२३३०७४ | |
| ४७ | कमल ब.बस्नेत | व.र. | „ „ „ | ९८४४५४३३६३ | |
| ४८ | वेद प्रकाश यादव | व.अ.सातौं | सब डि.व.का. दुधौली | ९८५४०४८१२४ | |
| ४९ | सुकविर थामी | अ.छैठो | „ „ „ | | अध्यन विदामा |
| ५० | नवराज बस्नेत | रेञ्जर | „ „ „ | ९८१२२०२९०२ | |
| ५१ | सिर्जना काफ्ले | रेञ्जर | „ „ „ | ९८६७१६४०६१ | |
| ५२ | राजमोहन अधिकारी | रेञ्जर | „ „ „ | ९७०७६५१६७९ | |
| ५३ | भुवन चौधरी | व.र. | „ „ „ | ९८१५७६९५१५ | |
| ५४ | नर बहादुर कार्की | व.र. | „ „ „ | ९८१२००५२१७ | |
| ५५ | समीर बराल | व.अ.सातौं | सब डि.व.का. रानिबास | ९८५४०४८१२३ | |
| ५६ | लक्ष्मी खडका | रेञ्जर | „ „ „ | ९८६५५०८२५६ | |
| ५७ | मोहन बुच्चा मगर | रेञ्जर | „ „ „ | ९८६५५०९०७७ | |
| ५८ | मिना घिमिरे | रेञ्जर | „ „ „ | ९८६१७७०६४८ | |
| ५९ | रोशन गौत्तम | व.र. | „ „ „ | ९८६४५२४५७५ | |
| ६० | अशोक विरही विक | व.अ.सातौं | सब डि.व.का. गोलन्जोर | ९८६२१४२९१९ | |
| ६१ | सागर शर्मा | रेञ्जर | „ „ „ | ९८४६८९२१४४ | |
| ६२ | प्रवेश पाण्डे | रेञ्जर | „ „ „ | | |
| ६३ | विनिता मगर | व.र. | „ „ „ | ९८२४८४८११६ | |
| ६४ | कुमार देव श्रेष्ठ | व.र. | „ „ „ | ९८४४४४५४८७ | |
| ६५ | बाबु कुमार बस्नेत | रेञ्जर | सब डि.व.का. फिक्कल | ९८४४२६२२६० | |
| ६६ | प्रताप राई | रेञ्जर | सब डि.व.का. फिक्कल | ९८४५६५९८६६ | |
| ६७ | समिर बहादुर पौडेल | अपरेटर(स.पाचौं) | सब डि.व.का. फिक्कल | ९८५१३४९६७९ | |

CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, सिन्धुली

संघिय सरकार अन्तर्गतका कर्मचारी विवरण

स्वीकृत दरवन्दी: २३

पदपुर्ती: ९

| | | | | | |
|---|---|---|---|---|---|
| १ | छत्र बहादुर घलान | जमदार | डि. व. का. सिन्धुली | ९८४४०९६५९६ | |
| २ | कुमार बहादुर रमौली मगर | जमदार | " " " | ९८४४०९२५३१ | |
| ३ | पुरुषोत्तम बहादुर कटुवाल | जमदार | " " " | ९८४२६६२३४० | |
| ४ | केशर बहादुर कार्की | जमदार | " " " | ९८१९८५०६२१ | |
| ५ | मान बहादुर श्रेष्ठ | जमदार | " " " | ९८४०११६६६० | |
| ६ | श्याम कुमार श्रेष्ठ | जमदार | " " " | ९८४४०६२२४२ | |
| ७ | जंग बहादुर खडका | श.व.र.(करार) | " " " | ९८४४०४०४८० | |
| ८ | बिर बहादुर पाखिन | श.व.र.(कारार) | " " " | ९८१७८५६२८४ | |
| ९ | मान बहादुर श्रेष्ठ | श.व.र.(करार) | " " " | ९८४२८४४२०८ | |

कवुलियती कार्यक्रम तर्फको कर्मचारी विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| १ | शैलेन्द्र बैठा | व.प्रा.सहायक(करार) | डि. व. का. सिन्धुली | ९८५४०४१६५१ | |
| २ | शोभा कार्की | डि.सुपरभाइजर | डि. व. का. सिन्धुली | ९८४४०९२३३१ | |
| ३ | रुक्मणी थापा | सामाजिक परिचालिका | गोलन्जोर | ९८४४०७६२१६ | |
| ४ | भद्रा लुंगेली | सामाजिक परिचालिका | तीनपाटन | ९८२७६०१३४५ | |
| ५ | रिता लामिछाने | सामाजिक परिचालिका | तीनपाटन | ९८६६३७८५३३ | |
| ६ | दिपा सुनुवार | सामाजिक परिचालिका | दुधौली | ९७०६६०१८११ | |
| ७ | कविता तामाङ | सामाजिक परिचालिका | फिक्कल | ९८१०९३२१२७ | |
| ८ | कान्छी माया गोले | सामाजिक परिचालिका | भिमान | ९८१७८८२९५१ | |
| ९ | सावित्रा वि. क. | सामाजिक परिचालिका | सिद्धेश्वर | | |

४. कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित ऐन नियम तथा नागरिक वडापत्रमा उल्लेख भए बमोजिम ।



CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

## ५. सेवा प्रदान गर्ने फाँट र जिम्मेवार कर्मचारीहरू

| क्र. सं. | फाँट | कर्मचारीको नाम | पद | सम्पर्क नं. | कार्यक्षेत्र एव मुख्य कार्यविवरण |
|---|---|---|---|---|---|
| | | | डिभिजन वन कार्यालय सिन्धुली | | |
| १ | वन उद्यम तथा सदुपयोग शाखा | द्रोण विक्रम कार्की | व.अ. (आठौं) | 9844034337 /9854042135 | निजी आवादी तथा राष्ट्रिय वनमा रहेका वनपैदावार संकल तथा वनपैदावारमा आधारित उद्योग सम्वन्धि |
| २ | वन व्यवस्थापन शाखा | गौरव भट्ट | व.अ. (आठौं) | ९८५७८३३९७७ | सामुदायिक वन /कवुलियती वनको कार्ययोजना कार्यान्वयन सम्वन्धी |
| ३ | योजना तथा अनुगमन शाखा | बन्दना बस्नेत | व.अ. (आठौं) | ९८४११९८७८१५ | कार्यलयको वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धी |
| ४ | वन तथा जैविक विविधता संरक्षणशाखा | प्रतिज्ञा पौडेल | व.अ. (सातौं) | ९८४३८७३३८७ | जैविक विविधता तथा मुद्धा सम्वन्धी |
| ५ | कर्मचारी प्रशासन शाखा | राकेश कुमार मण्डल | प्रशासन अधिकृत (सातौ) | ९८६६३६२८७८ | प्रशासनिक कार्य सम्वन्धी |
| ६ | आर्थिक प्रशासन शाखा | विक्रम ठकुरी | ले.अ. (सातौं) | ९८५४०४२२५१ | वार्षिक कार्यक्रम संचालनार्थ आर्थिक कारोवार सम्बन्धी |
| | | | जिल्ला वन पैदावार आपुर्ती समिति | | |
| १ | जिल्ला वन पैदावार आपुर्ती समिति | सिमा लामिछाने | रेञ्जर | ९८४४१५६८५६ | दैविक प्रकोप/ घर निर्माण तथा मर्मत कार्यको लागि काठ दाउरा विक्रिवितरण |
| | | | सव डिभिजन वन कार्यालय | | |
| १ | सिद्धेश्वर सव डिभिजन वन कार्यालय | माधव पाण्डे | व.अ. (सातौं) | ९८५४०४८१२० | कमलामाई नगरपालिका वडा नं २ देखि वडा नं ८ सम्मको वन क्षेत्रको व्यवस्थापन |
| २ | गोलन्जोर सव डिभिजन वन कार्यालय | अशोक विरही | व.अ. (सातौं) | ९८५४०४८१२६ | गोलन्जोर गाउँपालिका अन्तर्गत रहेको वन क्षेत्रको व्यवस्थापन |
| ३ | फिक्कल सव डिभिजन वन कार्यालय | वावु कुमार वस्नेत | रेञ्जर | ९८५४०४८१२७ | फिक्कल गाउँपालिका अन्तर्गत रहेको वन क्षेत्रको व्यवस्थापन |
| ४ | तीनपाटन सव डिभिजन वन कार्यालय | राजकुमार रुम्वा | व.अ. (सातौं) | ९८५४०४८१२५ | तीनपाटन गाउँपालिका अन्तर्गत रहेको वन क्षेत्रको व्यवस्थापन |
| ५ | दुधौली सव डिभिजन वन कार्यालय | वेद प्रकाश यादव | व.अ. (सातौं) | ९८५४०४८१२४ | दुधौली नगरपालिका वडा नं ७ देखि वडा नं १४ सम्मको वन क्षेत्रको व्यवस्थापन |
| ६ | हर्षाही सव डिभिजन वन कार्यालय | मणीलाल कान्दान | व.अ. (आठौं) | ९८५४०४८१२२ | दुधौली नगरपालिका वडा नं १,२,४,५र ६ मा रहेको वन क्षेत्रको व्यवस्थापन |
| ७ | रानीवास सव डिभिजन वन कार्यालय | समिर बराल | व.अ. (सातौं) | ९८५४०४८१२३ | दुधौली नगरपालिका वडा नं ३ र कमलामाई नगरपालिका वडा नं १३ र१४ मा रहेको वन क्षेत्रको व्यवस्थापन |
| ८ | भिमान सव डिभिजन वन कार्यालय | नितेश कुमार दाश | व.अ. (सातौं) | ९८५४०४८१२१ | कमलामाई नगरपालिका वडा नं ८ देखि १२ मा रहेको वन क्षेत्रको व्यवस्थापन |



CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, सिन्धुली

६. निवेदन, उजुरी उपर निर्णय गर्ने अधिकारी
डिभिजनल वन अधिकृत श्री रामकुमार भण्डारी

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी
डिभिजनल वन अधिकृत श्री रामकुमार भण्डारी

८. सम्पादन गरेको कामको विवरण
यस कार्यालयबाट आ.व. २०८२/०८३ को चैत्र मसान्तसम्म सम्पादन गरेको कामको सारांश प्रगती

### प्रदेश तर्फको कार्यक्रमहरूको प्रगति

| सि नं | कार्यक्रमको नाम | बजेट उपशिर्षक | विनियोजित वार्षिक बजेट (रु हजारमा) | चालु आ.व. को जम्मा खर्च | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन | 32900102 | 13162.00 | 4347.60 | 37.47 | 55 | |
| 2 | वातावरण संरक्षण तथा शहरी वन | 32900103 | 12461.00 | 2969.30 | 23.83 | 40 | |
| 3 | डिभिजन वन कार्यालयहरु | 32901012 | 66084.00 | 40468.80 | 61.24 | | |

### प्रदेश तर्फको खर्च प्रगती विवरण

| अवधि | विनियोजित वजेट रु. हजारमा | | | खर्च रु. हजारमा | | | वित्तिय प्रगती प्रतिशत | | | भौतिक प्रगती % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुंजिगत | जम्मा | चालु | पुंजिगत | जम्मा | चालु | पुंजिगत | जम्मा | |
| तेस्रो त्रैमासिक | 15716.00 | 4230.00 | 19946.00 | 14599.09 | 1362.33 | 15961.41 | 92.89 | 32.21 | 80.02 | 85.00 |
| तेस्रो त्रैमासिकसम्म | 53327.00 | 13210.00 | 66537.00 | 42425.79 | 5359.92 | 47785.71 | 79.56 | 40.57 | 71.82 | 75.00 |
| बार्षिक | 70779.00 | 19370.00 | 90149.00 | 42425.79 | 5359.92 | 47785.71 | 59.94 | 27.67 | 53.01 | 45.00 |

CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, सिन्धुली

संघीय सशर्त अनुदानका कार्यक्रमहरूको प्रगति (डिभिजन वन कार्यालय सिन्धुली )

| सि नं | कार्यक्रमको नाम | बजेट उपशीर्षक | विनियोजित वार्षिक बजेट (रु हजारमा) | चालु आ.व. को जम्मा खर्च | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत | मुख्य-मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन | 32991122 | 26370.00 | 13659.50 | 51.80 | 60 | सामुदायिक वनमा थिनिङ कार्य नर्सरीमा बिरुवा उत्पादन कार्य जारी कबुलियती वन समुहको कार्ययोजना तयारी |
| २ | जडिबुटी विकास | 32991124 | 1100.00 | 50.00 | 4.55 | 25 | जडीबुटी खेती विस्तारका लागि सरोकारवालासंग अन्तरक्रिया सम्पन्न |
| ३ | डिभिजन वन कार्यालयहरु | 329911203 | 6911.00 | 4561.45 | 66.00 | | |
| ४ | जैविक विविधता तथा जलाधार व्यवस्थापन | 32991128 | 10377.00 | 3152.81 | 30.38 | 40 | सा. ब. उ. स. मा अग्नीनिरोधक सामग्रीहरु हस्तान्तरण/अग्नीरेखानिर्माण /रिचार्जपिट निर्माण /वनडढेलो संजाल गठन |

संघीय सशर्त अनुदान तर्फको खर्च प्रगती विवरण

| अवधि | विनियोजित वजेट रु. हजारमा | | | खर्च रु. हजारमा | | | वितिय प्रगती प्रतिशत | | | भौतिक प्रगती % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | |
| तेस्रो त्रैमासिक | 1078.75 | 2606.00 | 3684.75 | 1774.74 | 8338.48 | 10113.22 | 100 | 100 | 100 | 100 |
| तेस्रो त्रैमासिकसम्म | 5847.00 | 6009.00 | 11856.00 | 5040.49 | 16383.27 | 21423.76 | 86.21 | 100 | 100 | 100 |
| वार्षिक | 9758.00 | 35000.00 | 44758.00 | 5040.49 | 16383.27 | 21423.76 | 51.65 | 46.81 | 47.87 | 60 |

आ.व. २०८२/०८३ को चैत्र मसान्तसम्ममा राजश्व सङ्कलन

| राजश्व शीर्षक | रकम (रु.) | कैफियत |
|---|---|---|
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १,४३,४९९.०० | |
| ३३३६१ वन क्षेत्रको रोयल्टी | २८,४७,२४३.०० | |
| १४२६४ वन क्षेत्रको अन्य आय | १२,२५,२६८.०० | |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | २६,३५५.०० | |
| १५१११ बेरुजू | ३०,०३६.०० | |



CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, सिन्धुली

वेरुजुको विवरण:

गत विगतको रु. ५१,१०, ५८५।६० वेरुजु रकम हाल फछ्यौंटको प्रकृयामा रहेको छ ।

## वन पैदावार विक्रिवितरण विवरण

| सि.नं. | जात | निकासी परिमाण | समूहको आम्दानी रु. | भ्याट रकम रु. | प्रदेश शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सामुदायिक वनवाट खोटो | १,१८,६०५.२९ के.जी. | १४,९५,६७८.०० | १,९४,०४७.०० | २९,८७७.०० | |
| २. | निजि आवादीवाट तेजपात लगायतका जडिवुटी | १५,६८०.०० के.जी. | ० | ० | २,०६५.०० | |
| ३ | निजी आवादीवाट काठ विक्री | ३४,२९८.०० क्यु.फि. काठ र ३.०० चट्टा दाउरा | ० | १३,०८,८२०.०० | १,९८,८८०.०० | |
| ४ | सामुदायिक वनवाट काठ दाउरा विक्रि | १,०२,२१२.७१ क्यु.फि. काठ र ११७.४० चट्टा दाउरा | ९,१६,९२,५९२.५१ | १,७३,९८,५०६.१७ | प्रदेश राजश्व १,०३,४४,१६२.३१ र स्थानिय राजश्व १,०३,४४,१६२.३१ | गत आ. व. मा कटान भई उत्पादन भएको समेत |

## मुद्दा सम्वन्धी विवरण

| सि. नं. | मुद्दा दायर भएको निकाय | मुद्दाको विवरण | अघिल्लो आर्थिक वर्षको अ. ल्या. | | | आर्थिक वर्ष ८२/८३ को मुद्दा | | | जम्मा मुद्दा संख्या | फैसला भएको | फैसला हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मुद्दा संख्या | आ व ८२/८३ मा फैसला भएको | बाँकी | संख्या | फैसला भएको | बाँकी | | | | |
| १ | जिल्ला अदालत | वन पैदावार चोरी निकासी /हानीनोक्सानी | १ | ० | १ | १ | ० | १ | २ | ० | २ | |
| १ | डिभिजन वन कार्यालय | वन अतिक्रमण | २ | ० | २ | ० | ० | ० | २ | ० | २ | |
| २ | | वन पैदावार चोरी निकासी /हानीनोक्सानी | ८ | २ | ६ | २ | ० | २ | १० | २ | ८ | |
| ३ | | वन्यजन्तु सम्वन्धी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | | जम्मा | ११ | २ | ९ | ३ | ० | ३ | १४ | २ | १२ | |

- वन्यजन्तुको आक्रमणवाट १७ गोटा पशुधनको क्षति भई सो को राहतको लागि रु. २,३०,०००.०० रकम क्षतिपुर्तीको लागि सिफारिस गरि पठाईएको ।
- २ गोटा सर्प र १ गोटा बाँदरको उद्धार गरि वन क्षेत्रमा छोडिएको र १ वटा मृत रतुवा मृगको तथा १ वटा मृत निलगाईको व्यवस्थापन ।
- जिल्ला वनपैदावार आपुर्ती समिति मार्फत काठ दाउरा विक्रि वितरणको लागि ६१,८५५.४३ क्यु. फि. काठ र १५.५० चट्टा दाउरा विभिन्न समुह मार्फत हस्तान्तरण भई आएको ।



CamScanner

➢ *डिभिजन वन कार्यालय, सिन्धुलीको समन्वयमा विभिन्न सामुदायिक वन उपभोक्ता समूह र यस जिल्लामा खोटो संकलन गर्ने कम्पनीहरुको आर्थिक सहयोगमा सिद्धवावा टेलिभिजन सिन्धुली तथा राष्ट्रिय कलाघर सिन्धुलीका कलाकारहरुवाट दुधौली, डकाहा, भिमान, सिन्धुलीमाडी, वेलघारी, खुर्कोट र खाङसाङ वजारमा वन डढेलो सचेतन सम्बन्धी सडक नाटक प्रदर्शन कार्य सम्पन्न ।*

९. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम/पद

- कार्यालय प्रमुखः डिभिजनल वन अधिकृत श्री रामकुमार भण्डारी
- सूचना अधिकारीः वन अधिकृत श्री द्रोण विक्रम कार्की

१०. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची (मुख्य-मुख्य)

नीति/रणनीति

- वन विकास गुरु योजना, २०४५
- वन तथा वातावरण सम्बन्तिधत क्षेत्रगत तथा आवधिक योजनामा उल्लेखित नीति
- राष्ट्रिय सिमसार नीति, २०६९
- कवुलियती वन नीति, २०५८
- वन्यजन्तु पालन, प्रजनन तथा अनुसंधान कार्यनीति, २०६०
- राष्ट्रिय जैविक बिबिधता सम्बन्धि रणनीति, २०५९
- वन क्षेत्रको नीति, २०५७
- वन नीति २०७५

ऐन/नियमावली

- वन ऐन, २०७६ तथा वन नियमावली, २०७९
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सो अन्तगत बनेका नियमावलीहरु
- भू-तथा जलाधार संरक्षण ऐन, २०३९ तथा भू-तथा जलाधार संरक्षण नियमावली, २०४२
- वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- प्रदेश वन ऐन, २०७६ र वन नियमावली, २०७९

निर्देशिका/मार्गदर्शन

- सामुदायिक वन श्रोत सर्वेक्षण मार्गदर्शन (परिमार्जित), २०६१
- गैरकाष्ठ वन पैदावारको श्रोत सर्वेक्षण मार्गदर्शन, २०६९
- सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका २०७१ (परिमार्जन, २०७५)
- सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१
- वन पैदावार संकलन तथा विक्रि वितरण निर्देशिका, २०७३
- सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३
- दिगो वन व्यवस्थापन कार्यविधि, २०७९



CamScanner

रामकुमार भण्डारी
डिभिजनल वन अधिकृत

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, सिन्धुली

११. तोकिए बमोजिमका अन्य विवरण

- नभएको

१२. सार्वजनिक निकायको वेबसाइट

डिभिजन वन कार्यालय, सिन्धुलीको वेबसाइट **www.dfosind.bagamati.gov.np** रहेको छ ।

१३. वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण

- नभएको

१४. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

- नभएको

१५. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

- नभएको

१६. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको

- नभएको

१७ सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण

- नभएको

CamScanner